परवानीपुर गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

लिपनीमाल, बारा ।
प्रदेश नम्बर २ (नेपाल)

## सेवा करारमा पदपूर्ति सम्बन्धि सूचना

## (प्रथम पटक प्रकाशित मिति: २०७७/०७/२९)

प्रस्तुत विषयमा यस परवानीपुर गाउँपालिकाको आर्थिक वर्ष २०७७।०७८ को लागि तपसिल बमोजिम कर्मचारी सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका ईच्छुक उम्मेदवारहरुबाट दरखास्त आव्हान गरिएको छ ।

**तपसिलः-**

| सि.नं. | विज्ञापन नं. | पद, सेवा, समुह | माग संख्या | परीक्षा दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०१।०७७।०७८ | उद्यमविकास सहजकर्ता /उद्यमविकास सहयोगी | २ | रु. ७००।- | |

उद्यमविकास सहजकर्ताको प्रमाण-पत्र भएको उम्मेदवारलाई उद्यमविकास सहजकर्ता पदको छनौट प्रकृयामा समावेश गराउनेछ भने उद्यमविकास सहजकर्ताको प्रमाण-पत्र नभएको उम्मेदवारलाई उद्यमविकास सहयोगी पदको छनौट प्रकृयामा राखिने छ । पुनश: उद्यमविकास सहजकर्ताको प्रमाण-पत्र भएकोलाई प्राथमिकता दिईनेछ ।

**आवश्यक न्युनतम योग्यता र अनुभव:-**

१) शैक्षिक योग्यता:-

१.१) उद्यमविकास सहजकर्ताको:-

क) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (सिटिईभिटि) बाट मान्यता उद्यमविकास सहजकर्ता सम्बन्धि डिप्लोमा कोर्ष उत्तिर्ण गरेको, वा

ख) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (सिटिईभिटी) बाट मान्यता उद्यमविकास सहजकर्ता शिप परिक्षण तह २ वा ३ उत्तीर्ण गरेको, वा

ग) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (सिटिईभिटि) बाट मान्यता उद्यमविकास सहजकर्ता सम्बन्धि प्राविधिक प्रवेशिका परीक्षा (टिएसएलसी) उत्तीर्ण गरेको ।

१.२) उद्यमविकास सहयोगीको:- कुनै पनि विषयमा प्रविणता पत्र वा १२ वा सो सरह पास गरेको ।

**२) कार्य अनुभव:-**

२.१) उद्यमविकास सहजकर्ताको लागि लघु उद्यम वा व्यवसाय विकास वा व्यवसायिक सीप विकास वा आय आर्जनको क्षेत्रमा कम्तीमा एक वर्ष काम गरेको हुनु पर्ने ।

२.२) उद्यमविकास सहयोगीको लागि लघु उद्यम वा व्यवसाय विकास वा व्यवसायिक सीप विकास वा आय आर्जन वा सामाजिक परिचालनको क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको हुनुपर्नेछ ।

**३) उमेर:-** कम्तीमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

**४) दरखास्त दिने स्थान:-** परवानीपुर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय लिपनीमाल बारा ।

**५) दरखास्त दिने अन्तिम मिति:-** २०७७।०८।१३ सो दिन बिदा पर्न गएमा सो को भोलि पल्ट दरखास्त लिन सकिनेछ ।

६) दरखास्त फाराम पाईने स्थान:- परवानीपुर गाउँपालिकाको वेबसाईट वा परवानीपुर गाउँपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

७) छनौटको किसिम:- प्रारम्भिक योग्यताक्रमको सुचि प्रकाशन, लिखित परीक्षा र अन्तरवार्ता ।

८) आवेदन तथा संलग्न कागजातहरु:- आवेदक स्वंमले प्रमाणित गरेको देहाय बमोजिमको प्रतिलिपिहरु:-

क. नागरिकताको प्रतिलिपि
ख. न्युनतम योग्यताको लब्धाङ्क प्रमाणपत्रको प्रतिलिपि
ग. चारित्रिक प्रमाणपत्रको प्रतिलिपि
घ. अनुभव खुल्ने कागजात
ङ. १ प्रति पासपोर्ट साइजको फोटो

**९) सेवा सुविधा:-** परवानीपुर गाउँपालिकाको निर्णय बमोजिम।

**नोट:-** उद्यमविकास सहजकर्ताको उम्मेदवार नपुगेमा उद्यमविकास सहयोगी वा फर्म भर्ने उम्मेदवार महिला, दलित, आदिवासी जनजाति, मधेशी तथा विपन्नव वर्गलाई विशेष ग्राहयता दिनेछ ।

- विस्तृत जानकारीको लागि यस परवानीपुर गाउँपालिकाको कार्यालयमा सम्पर्क गर्नुहोला ।

**प्रमुख प्रशासकीय अधिकृत**

Scanned with CamScanner